# <u>दलित सशक्तिकरण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७</u>

**<u>प्रस्तावना:</u>** हरेक व्यक्तिको मानवीय मर्यादा र व्यक्तिगत अधिकारमा समानता हुने मान्यतालाई आत्मसाथ गर्दै मानव अधिकार र मौलिक हकको संरक्षण गर्न तथा दलित माथि हुने छुवाछुत र सवै प्रकारका विभेदको अन्त गरी दलित समुदायका व्यक्तिहरुलाई सशक्तिकरणको माध्यमबाट राज्यमा मूलप्रवाहीकरण गर्न र समावेशीकरण तथा क्षमता अभिवृध्दि लगायतका विभिन्न अवसर सृजना गर्ने सम्बन्धमा समयानुकुल व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तारः</u>** (१) यस ऐनको नाम “दलित सशक्तिकरण ऐन, २०७७” रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "संहिता" भन्नाले मुलुकी अपराध संहिता,२०७४ लाई सम्झनुपर्छ ।

(ख) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सुचीकृत गरेका जातजाती र सूचिकृत बाहेकका हकमा सम्बन्धित स्थानीय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित जातजातीलाई सम्झनुपर्छ ।

(ग)"जातिय भेदभाव तथा छुवाछुत" भन्नाले जातिय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनुपर्छ ।

(घ)"सार्वजनिक स्थल" भन्नाले सरकारी वा गैरसरकारी कार्यालय ,शैक्षिक वा औद्योगिक प्रतिष्ठान, मठ मन्दिर, प्राचिन स्मारक सार्वजनिक स्थल पाटि-पौवा, धारा, इनार, कुंवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक रहेका स्थान सम्झनुपर्छ र सो शव्दले सार्वजनिक रुपमा वस्तु वा सेवा विक्री वितरण गर्ने अन्य कुनैपनि स्थान समेतलाई जनाउँनेछ ।

(ङ)"सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेन्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनुपर्छ र सो शव्दले कुनैपनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(च)"सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज भतेर, पुजापाठ, यज्ञ, अनुष्ठान, जन्म, न्वारन, अन्नप्रासन, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा सास्कृतिक समारोह सम्झनुपर्छ ।

(छ) "सार्वजनिक पद धारणा गरेका व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्वन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने

वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेका पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(ज)"विकास समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने दलित सशक्तिकरण तथा विकास समिति सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा तोकिएबमोजिम" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ञ)"शैक्षिक संस्था भन्नाले" प्रदेशभित्र संचालित सबै शैक्षिक संस्थालाई सम्झनुपर्छ र सो शब्दले कलेज, विश्वविद्यालय तथा शिक्षा प्रदान गर्ने शैक्षिकसंस्था समेतलाई सम्झनुपर्छ।

(ट) “मन्त्रालय” भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

## परिच्छेद-२

## जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति सम्वन्धी व्यवस्था

३. **प्रादेशिक जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समितिः** (१) जातीय विभेद तथा छुवाछुतको घटनाहरुको अध्ययन, अनुगमन र जातीय विभेद तथा छुवाछुत सम्वन्धी नीति तथा कानूनको कार्यान्वयन, रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र अनुगमनका साथै सशक्तिकरणका लागि प्रदेशस्तरमा एक जातीय विभेद तथा छुवाछुत अनुगमन समिति हुनेछः-

(२)उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मन्त्री, सामाजिक विकास मन्त्रालय | - अध्यक्ष |
| (ख) प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलित समुदायका प्रदेसभा सदस्यहरु | - सदस्य |
| (ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ)प्रदेश सचिव, सामजिक विकास मन्त्रालय | -सदस्य |
| (ङ)प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (च)प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (छ) उप न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय | -सदस्य |
| (ज) दलित हक अधिकार तथा मानवअधिकारका क्षेत्रमा कम्तीमा ३ बर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्तिमध्येबाट समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना | -सदस्य |
| (झ) सम्बन्धित बिषय हेर्ने महाशाखाको प्रमुख, मन्त्रालय | - सदस्य सचिव |

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय छुवाछुत र भेदभाव तथा अपमानजन्य व्यवहार सम्वन्धी घटनाहरुको अनुगमन गरी कानूनी कारवाहीको लागि सम्वन्धित निकायलाई प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक निर्देशन दिने ।

(ख) प्रदेशभित्र जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन,२०६८ अन्तर्गत फैसला भएका मुद्दाहरुको फैसला कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन गरी शीघ्र कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।

(ग)जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन,२०६८ को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजिकरण गर्दै अभियान संचालन गर्ने।

(घ)जातीय छुवाछुत र भेदभाव विरुद्ध प्रदेशभित्रका सवै वडाहरुमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने।

(ङ)जातीय भेदभाव तथा छुवाछुत अन्त्यको लागि नीति तथा योजना तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने ।

(च)प्रदेशभित्र जातीय छुवाछुत तथा भेदभावको अवस्थाको बारेमा जानकारी लिने र छुवाछुत तथा विभेद भएको पाइएमा आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

(छ) छुवाछुतबाट पीडित व्यक्तिको परिवारलाई सामाजिक सुरक्षा र क्षतिपूर्तिको व्यवस्था गर्ने, गराउने।

(ज)हलिया प्रथा, बालीघरे प्रथा (खलो प्रथा), डोली प्रथा, सिनो फ्याक्ने प्रथा, भूडे र लगी प्रथा आदिको अन्त्य गर्ने ।

(झ) दलितको हक अधिकार संरक्षण र हित प्रवर्द्धनका लागि कानून बमोजिम प्रदेशस्तरमा गर्नुपर्ने कार्यहरु गर्ने ।

(ञ)दलित सशक्तिकरणका लागि बार्षिक कार्यक्रम निर्धारण गरी आवश्यक बजेट व्यवस्थापनका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।

(ट)अन्तर्जातीय विवाहलाई प्रोत्सान गर्न त्यस्तो विवाह गर्ने जोडीलाई उचित प्रोत्साहन रकमको व्यवस्था मिलाउने ।

(ठ)जातीय विभेद तथा छुवाछुतका घटनाहरुको वार्षिक विवरण प्रकाशन गर्ने ।

(ड)तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

(ढ)समितिको निर्देशन पालना गर्नु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।

५. **स्थानीय जातिय विभेद तथा छुवाछुत अनुगमन समितिः** (१) जातीय विभेद तथा छुवाछुतका घट्नाहरुलाई नियन्त्रण गर्न प्रदेश अन्तगर्तका प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक जातिय विभेद तथा छुवाछुत अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको कार्यपालिकाले तोकेको व्यक्ति -अध्यक्ष

(ख) स्थानीय सरकारले तोकेको गाउँ नगरसभा वा कार्यपालिकाका दलित सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना -सदस्य

(ग)दलित अधिकारको क्षेत्रमा कम्तिमा ३ बर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्तिमध्येबाट स्थानीय सरकारले मनोनित गरेको स्थानीय १ जना महिला सहित २ जना -सदस्य

(घ)फरक फरक दलको प्रतिनिधित्व हुने गरी राजनीतिक दलका प्रतिनिधि ३ जना -सदस्य

(ङ)सम्बन्धित स्थानीय तहको सामाजिक शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको कार्यालय सम्वन्धित स्थानीय तहमा रहनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क)प्रदेश अनुगमन तथा सशक्तिकरण समितिले निर्देशन गरेको नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्ने ।

(ख)जातीय विभेद तथा छुवाछुत अन्त्यका साथै दलित सशक्तिकरणका लागि कार्यक्रम निर्धारण गरी आवश्यक वजेट विनियोजनको लागि स्थानीय सरकारसमक्ष पेश गर्ने।

(ग) जातीय विभेद तथा छुवाछुतजन्य व्यवहार अन्त्यको लागि गाउँस्तरमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने, गराउने ।

(घ)प्रचलित कानूनले व्यवस्था गरे बमोजिम दलित विद्यार्थीलाई निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउने सम्बन्धी कार्यलाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

(ङ) स्थानीय तहभित्रका प्रत्येक विद्यालयमा कम्तिमा १ जना दलित शिक्षकको व्यवस्थापन गर्न पहल गर्ने।

(च) जातीय विभेद तथा छुवाछुतमुक्त वडा/स्थानीय तह घोषणा गरी कार्यान्वयन गर्ने ।

(छ)प्रत्येक ३/३ महिनामा गाउँस्तरमै जनशक्ति खटाई जातीय छुवाछुतको घट्नाको सम्बन्धमा जाँचबुँझ गर्ने र कसूर गरेको देखिएमा कानूनी कारवाहीका लागि प्रकृया अगाडि बढाउन सिफारिस गर्ने। र जातीय विभेद तथा छुवाछुतका घटनाका दोषीहरुलाई कानूनी कारवाही गर्न सम्वन्धित निकायलाई अनुरोध तथा सहजीकरण गर्ने ।

(ज) जातीय विभेद तथा छुवाछुतजन्य घटनाको सूचना दिने व्यक्तिलाई प्रोत्साहित गर्ने।

(झ)तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

७. **समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्थाः** (१) दफा ३ र ५ बमोजिम गठित समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठक बोलाउनेछ र बैठकको सूचना एजेण्डा सहित बैठक बस्ने दिनभन्दा कम्तिमा ३ दिनअघि सदस्यहरुलाई दिनुपर्नेछ ।

(ख) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरु मध्येबाट छानेको कुनै एक जनाले बैठकको अध्यक्षता गर्नेछ ।

(ग)समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ)समितिको बैठक बर्षको कम्तीमा ४ पटक अनिवार्य बस्नुपर्नेछ ।

तर समितिका एक तिहाई सदस्यहरुले उचित कारण खुलाई बैठक बोलाउन अनुरोध गरेमा खण्ड (क) बमोजिम ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(ङ)बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(च)सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राखुपर्नेछ ।

(छ) यस दफामा लेखिएदेखि बाहेक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## शिक्षा सम्वन्धी व्यवस्था

८. **निःशुल्क शिक्षा सम्वन्धी व्यवस्थाः-** (१) प्रदेशभित्र संचालित सवै तहका सरकारी तथा सामुदायिक शैक्षिक संस्थाहरुमा अध्ययनरत दलित समुदायका विद्यार्थीहरुलाई प्राविधिक र व्यवसायिक बाहेकका शिक्षामा प्राथमिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षा प्रदान गरिनेछ ।

**स्पष्टिकरण**

यस उपदफाको प्रयोजनका लागि निः शुल्क शिक्षा भन्नाले भर्ना शुल्क, मासिक शुल्क, परिक्षा शुल्क र प्रयोगशाला शुल्कमा पूर्ण छुट दिई पठन पाठन गर्ने कार्यलाई जनाउदछ ।

(२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षाको लागि प्रदेशभित्रका सवै स्थानीय तहहरुले आवश्यक प्रवन्ध मिलाउने छन् ।

(३) आर्थिक रुपमा विपन्न भएका र डेरा गरी बस्नुपर्ने दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि तोकिएको मापदण्डको आधारमा दलित महिला, वादी, हलिया र अपांगता भएका व्यक्तिलाई विशेष प्राथमिकता राखी छात्रावासको व्यवस्था गरिनेछ । छात्रावास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) विद्यालय तथा क्याम्पसले संचालन गरेको छात्रावासमा विपन्न दलित वर्गलाई प्राथमिकता राखी बसाई व्यवस्थापन गर्नुपर्नेछ ।

(५) संघिय सरकारले छात्रवृत्तिका लागि प्रदेश सरकार मार्फत प्रदान गर्ने सशर्त अनुदानको प्रभावकारी कार्यान्वयन गरिनेछ र  प्रदेश सरकारले पनि दलित विद्यार्थीलाई स्नातक तहदेखि पिएचडीसम्म अध्ययन गर्नका लागि छात्रवृत्ति सम्वन्धी व्यवस्था गर्नेछ।छात्रवृत्ति सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) प्रदेश सरकारले प्राविधिक शिक्षातर्फ इन्जिनियर, विज्ञान, चिकित्सक, कानून, जनस्वास्थ्य, पत्रकारिता,ललितकला पढ्न चाहने दलित विद्यार्थीको लागि तोकिएबमोजिम विशेष कार्यक्रमको व्यवस्था गर्नेछ।

(७) विद्यालय तथा क्याम्पसमा दलित समुदायका विद्यार्थीका लागि तोकिएबमोजिमको सिटसंख्या छुट्याउनु पर्नेछ । तोकिएको मापदण्डको आधारमा छनौट भएका विद्यार्थीहरुलाई निःशुल्क अध्यापनको व्यवस्था गराईनेछ।

(८) जातिय भेदभाव तथा छुवाछुतलाई प्रोत्साहन हुने बिषयबस्तु पाठ्यक्रमहरुबाट अनिवार्य रुपमा हटाइनेछ।

(९) प्रदेश सरकारले सामाजिक न्याय स्थापनार्थ योगदान गर्ने दलित समुदायका ऐतिहासिक व्यक्तित्वहरुको जीवनी र सम्वन्धित पर्यटकीय स्थलहरु पाठ्यपुस्तकमा समावेश गराइनेछ ।

(१०) जातीय भेदभाव तथा छुवाछुतलाई निरुत्साहित हुने किसिमका तथा छुवाछुत गरेमा हुने दण्डसजाय र उजुरी सम्बन्धी व्यवस्था पाठ्यक्रममा समावेश गरिनेछ ।

## परिच्छेद-४

## दलित सशक्तिकरण तथा विकास समिति गठन सम्वन्धी व्यवस्था

९. **दलित सशक्तिकरण तथा विकास समितिको गठनः** (१) प्रदेशभित्रका दलित समुदायलाई आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक रुपमा सक्षम बनाउन र दलित समुदायको हक हित सम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा एवं कार्यान्वयन गर्नको लागि प्रदेशस्तरमा देहाय बमोजिमको दलित सशक्तिकरण तथा विकास समिति गठन गरिनेछ ।

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) कम्तिमा स्नातक तह उत्तीर्ण गरी दलित समुदायको उत्थान, विकास तथा दलित हक अधिकारका सम्वन्धमा कम्तिमा १० बर्ष योगदान गरेको र दलितको क्षेत्रमा अध्ययन, अनुसन्धान गरी ख्याती प्राप्त गरेको दलित समुदायको व्यक्ति मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको १ जना - उपाध्यक्ष

(ग)आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव – सदस्य

(घ)मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कानून सचिव - सदस्य

(ङ)दलित सशक्तिकरण तथा दलित अधिकारको क्षेत्रमा कार्य गरी विशिष्ट योगदान पुरयाएको र दलित क्षेत्रमा अध्ययन, अनुसन्धान गरी ख्याती प्राप्त गरेको दलित समुदायको व्यक्ति मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको कम्तिमा २ जना महिला सहित ५ जना -सदस्य

(च) मन्त्रालयको सम्बन्धित महाशाखाको उप सचिव – सदस्य सचिव

(२) खण्ड (ख) र (ङ) बमोजिम नियुक्त हुने पदाधिकारीहरुको पदावधि ५ बर्षको हुनेछ र निजहरुलाई पुनः नियुक्त गरिने छैन ।

(३) समितिको कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

(४) समितिको उपाध्यक्षको सेवा सुविधा प्रदेश सरकारको विशिष्ट श्रेणी सरहको हुनेछ।

(५) मनोनित सदस्यको सेवा सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

(६) समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

१०. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>**- (१) दफा ९ बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित समुदायको आर्थिक, राजनैतिक, सामाजिक, तथा साँस्कृतिक विकासका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रदेश सरकारलाई सिफारिस गर्ने ।

(ख) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(ग) भूमिहिन तथा आवासविहिन दलितहरुको लगत तयार गर्न प्रदेशभित्रका स्थानीय निकायहरुसंग सहकार्य तथा समन्वय गर्ने ।

(घ) दलित समुदायबाट संचालित परम्परागत पेशा, व्यवसायको व्यवसायिकरण तथा आधुनिकीकरणको लागि सहुलियतदरमा ऋण अनुदान उपलव्ध गराउन प्रदेश सरकारलाई सिफारिस गर्ने ।

(ङ) दलित समुदायको हक अधिकार सुनिश्चिता ,वृद्धिविकास र क्षमता अभिवृद्धी सम्वन्धमा गोष्ठी, तालिम तथा सेमिनार संचालन गर्ने गराउने ।

(च) प्रदेशभित्रका दलित समुदायको आर्थिक, राजनैतिक र सामाजिक अवस्थाको अध्ययन गरी प्रदेश सरकारलाई प्रतिवेदन पेश गर्ने ।

(छ) प्रदेशस्तरमा दलित सम्वन्धी कार्यक्रम संचालन गर्न प्रदेश सरकालाई सुझाव दिने।

(ज) छुवाछुत सम्बन्धी तथ्यांक संकलन, विश्लेषण र प्रकाशन गर्ने गराउने ।

(झ) दलित छात्रवृत्ति सम्बन्धमा आवश्यक योजना बनाउने र कार्यान्वयन गर्ने ।

(ञ) दलितको हक अधिकार सम्बन्धमा नेपालको संविधान र कानूनमा रहेको व्यवस्थाको बारेमा हाते पुस्तिका बनाई वितरण गर्ने ।

(ट) दलित समुदायका हक अधिकार सम्बन्धमा नेपाल सरकार पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय सन्धी सम्झौताहरुको कार्यान्वयनको अवस्थाको अध्ययन गरी प्रदेश सरकारलाई राय सुझाव दिने ।

(ठ) प्रदेश अन्तर्गत रहेका हलिया, खलिया प्रथा लगायत दलित समुदायको हित विपरितका विभेदमा आधारित प्रथाजन्य व्यवहार अन्त्यको लागि सचेतना कार्यक्रम संचालन गर्ने ।

(ड) दलित समुदायका व्यक्तिहरुलाई सीप विकास र जिविकोपार्जनसंग सम्वन्धित सीपमुलक, व्यवसायमुलक, तालिम संचालन गर्ने गराउने । तालिम निर्धारण र छनौट सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ढ) विपन्न गरिव दलितको लगत खडा गरी परिचयपत्र र रासन कार्ड वितरणका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने।

(ण) खण्ड (ढ) बमोजिम रासन कार्ड प्राप्त गरेका दलित समुदायका व्यक्तिहरुलाई प्रदेश सरकारले अत्यावश्यक खाद्यान्न वस्तुहरु प्राथमिकताका साथ सहुलियत दरमा उपलव्ध गराउनुपर्नेछ ।

(त) दलित समुदायका परम्परागत सीप र पेशालाई आधुनिकिकरण तथा औद्योगिकरण गर्न विना धितो न्यून ब्याजदरमा ऋण उपलब्ध गराउनका लागि योजना बनाई प्रदेश सरकार समक्ष पेश गर्ने ।

(थ) वैज्ञानिक भूमिसुधार मार्फत भूमिहीन, सकुम्बासी र अव्यवस्थित बसोवासी दलितलाई विशेष प्राथमिकताको आधारमा न्यायिक भूमि वितरणका लागि आवश्यक योजना बनाई कार्यान्वयनका लागि प्रदेश सरकारसमक्ष पेश गर्ने ।

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद - ५
## विविध

११. **समानुपातिक समावेशी सिध्दान्तका आधारमा प्रतिनिधित्व गराउनुपर्ने:** (१) प्रदेश सरकारका सवै निकाय तथा संरचनामा समानुपातिक समावेशी सिद्धान्त बमोजिम दलित समुदायको प्रादेशिक जनसंख्याको आधारमा प्रतिनिधित्व गराई सहभागिता सुनिश्चिता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्वन गर्दा दलितका लागि आरक्षित सिट मध्ये पचास प्रतिशत सिट दलित महिलाका लागि सुनिश्चित गरिनेछ ।

(३) समानुपातिक समावेशी सिद्धान्त बमोजिम सार्वजनिक तथा सरकारी सेवामा प्रवेश गराउनको लागि दलित समुदायका व्यक्तिहरुका लागि निश्चित कार्यविधिका आधारमा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. **साधन श्रोतको वितरणमा पहुँच:** प्रदेशभित्र रहेका साधन श्रोतहरुमा दलित समुदायको पहुँच सुनिश्चित गरिनेछ ।

१३. **जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाई सम्बन्धी व्यवस्था:** (१) प्रदेश अन्तर्गतका प्रत्येक जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाईको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१४. **भन्सार छुटको लागि पहल गर्ने:** दलित समुदायबाट संचालित पेशा, व्यवसाय, उद्योग, कल कारखानाको लागि आवश्यक मेसिन, पाटपूर्जा र कच्चा पदार्थको आयात गर्दा लाग्ने सरकारी दस्तुरमा तोकिएबमोजिम छुट दिने व्यवस्थाका लागि संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१५. **स्वास्थ सम्वन्धी व्यवस्था:** (१ ) दलित समुदायको व्यक्तिलाई स्वास्थ्यजाँच र स्वास्थ्य उपचारमा तोकिएबमोजिमको छुट तथा सुविधा दिइनेछ ।

(२) गरिव तथा विपन्न दलित समुदायको व्यक्तिलाई कडा,जटिल तथा गम्भीर प्रकृतिको रोग लागेमा न्यूनतम् शुल्कमा स्वास्थ्य उपचार गर्ने व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम प्रदान गरिनेछ ।

(४) महिला स्वास्थ्य स्वयंसेविका नियुक्त गर्दा दलित जनसंख्याको अनुपातमा अनियवार्य रुपमा दलित महिला स्वास्थ्यसेविकाको प्रतिनिधित्व हुने गरी नियुक्त गरिनेछ ।

(५) हरेक दलित वस्तिमा तालिम प्राप्त दलित महिला सुडेनीको व्यवस्थापन गरिनेछ।

(६) गरिव तथा विपन्न दलित समुदायको बालबालिकाहरु तथा गर्भवती र सुत्केरी महिलाहरुको लागि वृहत पोषण प्रवर्द्धन सम्बन्धी सेवा प्रदेश सरकारले मापदण्ड बनाई लागु गर्नेछ ।

१६.<u>**कसूर, सजाय, क्षतिपूर्ति, हदम्याद, क्षेत्राधिकार तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था :**</u> कसूर, सजाय, क्षतिपूर्ति, हदम्याद, क्षेत्राधिकार तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

१७.<u>**कानून व्यवसायी सम्बन्धी व्यवस्थाः**</u> (१) जातीय विभेद तथा छुवाछुतको कसूर सम्बन्धी अभियोग दर्ता भई मुद्दा विचाराधीन रहेको अवस्थामा मुद्दाको बहस पैरवी तथा प्रतिरक्षाका लागि पीडित वा जाहेरवालाले आफ्नो तर्फबाट निजी कानून व्यवसायी राख्नुपर्ने अवस्था आएमा जाहेरवालाको निवेदन माग बमोजिमको अवस्थालाई विचार गरी प्रदेश सरकारले निःशुल्क रुपमा छुट्टै कानून व्यवसायीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून व्यवसायीको व्यवस्थापन प्रदेश सरकार अन्तर्गतको मुख्यन्यायाधिवक्ताको कार्यालयले गर्नेछ ।

(३) यस दफा बमोजिमको कानून व्यवसायी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८.<u>**पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी व्यवस्थाः**</u> (१) जातीय विभेद तथा छुवाछुतबाट पीडित व्यक्तिलाई विशेष संरक्षण गर्नुपर्ने अवस्था भएमा पीडितको निवेदन माग बमोजिम मन्त्रालयले निश्चित समयावधिको लागि पीडितको गाँस, वास र कपास सहितको संरक्षण र समाजमा पुनर्स्थापनाको व्यवस्थापन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापनको जिम्मेवारी मन्त्रालयले आफु मातहतका कार्यालयलाई तोकिए बमोजिम प्रदान गर्नेछ ।

(३) यस दफा बमोजिम पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१९.<u>**नियम बनाउन सक्नेः**</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२०.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिका ,कार्यविधि र मापदण्ड  बनाउन सक्नेछ ।

२१.**<u>यस ऐन बमोजिम हुने:</u>** यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।